CDC Journal, Year 31, No. 45, December 2023, DOI: https://doi.org/10.3126/cdj.v31i45.68991
Received Date: November 29, 2023 Accepted Date: April 29, 2024

# निबन्ध लेखन शिक्षण विधि र प्रक्रिया

**जीवन श्रेष्ठ**
*पाटन संयुक्त क्याम्पस, त्रि.वि.*
***Email:*** *jistha@gmail.com*

## लेखसार

*प्रस्तुत शोधलेखमा स्नातक तह अनिवार्य नेपाली विषयमा गरिने निबन्ध लेखन शिक्षणका विधि र प्रक्रियाबारे समीक्षा गरिएको छ । निबन्ध लेखन भाषिक अभिव्यक्तिको विशिष्ट परिष्कृत गद्यरूप हो । यसको शिक्षण लेखन सिप विकासका लागि गरिन्छ । यस तहको निबन्ध लेखन शिक्षण स्वतन्त्र एवम् आत्मपरकदेखि निर्देशित वस्तुपरक निबन्ध लेखनका साथै निबन्धात्मक प्रश्नोत्तर हुँदै शोधलेखनसम्मको व्यापक आयामतर्फ उन्मुख छ । यसै सन्दर्भमा प्रस्तुत लेख स्नातक तहमा निबन्ध लेखन शिक्षण के कसरी गराउन सकिन्छ भन्ने समस्यामा केन्द्रित रहेर यसको समाधान खोजिएको छ । यसका लागि निबन्ध, निबन्ध लेखन र यसको शिक्षण प्रक्रिया सम्बन्धका द्वितीयक स्रोतका सामग्रीबाट सन्दर्भको खोजी गरिएको छ र तिनलाई स्नातक तहको पाठ्यक्रमले तय गरेको विशिष्ट उद्देश्य र यसको प्रयोग-सन्दर्भका परिप्रेक्ष्यमा विश्लेषण गरिएको छ । यस क्रममा व्याख्या एवम् विश्लेषण विधिको प्रयोग गरी निबन्ध शिक्षणको औचित्य र यसको शिक्षण प्रक्रिया निर्क्यौल गरिएको छ । यस आधारमा निबन्ध लेखन शिक्षणका सन्दर्भमा निबन्ध लेख्नुअघि मानसिक तयारी, विषय र शीर्षक छनोट, सीमाङ्कन, प्रापक निर्धारण, उद्देश्य निर्धारण, युक्ति, अभिव्यक्ति वा शैली निर्धारण, बुँदा र अनुच्छेद योजनामा ध्यान दिनुपर्छ भने यो लेखिसकेपछि निबन्ध समीक्षा फारामको प्रयोग गरी परिष्कार र परिमार्जन गर्नुपर्छ भन्ने निष्कर्ष निकालिएको छ । यसको शिक्षण प्रक्रियामा अनुमानित अनुच्छेदका आधारमा विद्यार्थी समूह बनाई अभिनय विधिका माध्यमबाट निबन्धको बाह्य संरचनाको अवधारणा प्रष्ट पार्न सकिन्छ । त्यस्तै यसको आन्तरिक संरचनाको शिक्षणका लागि अनुच्छेद योजना र यसको संरचनाबारे सोदाहरण शिक्षण गर्न सकिन्छ । यसरी गरिएको निबन्ध लेखनको शिक्षणले विद्यार्थीको साहित्यिक एवम् साहित्येतर गद्य लेखन क्षमताको विकासमा सहयोग गर्छ भन्ने निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी :** *आन्तरिक संरचना, बाह्य संरचना, विद्यार्थी अभिनय विधि, समीक्षा फाराम, साहित्येतर गद्य लेखन*

## विषयपरिचय

त्रिभुवन विश्वविद्यालयको चारबर्षे स्नातक तहको अनिवार्य नेपाली विषयअन्तर्गत निबन्ध लेखन शिक्षण पाठ्यांश रहेको छ । यसमा "विभिन्न विषयमा आत्मपरक र वस्तुपरक निबन्ध लेख्न सक्षम" बनाउने साधारण उद्देश्य निर्धारण गरिएको छ (अनिवार्य नेपाली विषयको पाठ्यक्रम, २०७६) । विश्वविद्यालयका हरेक विद्यार्थी लेखन सिपमा निपुण हुनु आवश्यक छ (रहमावती र अन्य सन् २०१९, पृ. १४७) । यसका लागि निबन्ध लेखन शिक्षण एउटा महत्त्वपूर्ण आधार हो । यसले कुनै विषयको बोधक्षमता र त्यसको अभिव्यक्तिमा सहयोग गर्नुका साथै सोधिएका प्रश्नका सन्दर्भमा आफ्ना तर्कहरूसहित उत्तर लेख्ने क्षमताको विकास गराउन सहयोग गर्दछ (Oktavianti, सन् २०२१, पृ. ३९१) । त्यसैले प्रवर्तित ज्ञानको अध्ययन, नवीन ज्ञानको खोजी र वैयक्तिक अनुभव र अनुभूतिको लिखित दस्तबेजीकरणका लागि निबन्ध-लेखनको ज्ञान आवश्यक हुन्छ ।

निबन्ध लेखन शिक्षण लेखन सिपको विकासका लागि महत्त्वपूर्ण हुन्छ । "निबन्ध सबैभन्दा प्रौढ गद्यात्मक अभिव्यक्ति हो । त्यसैले लेख्य भाषाको प्रौढतासँग परिचित हुन र तत्सम्बन्धी कुरामा अभ्यस्त हुन यसलाई उपयोगी बनाउन आवश्यक छ" (अधिकारी, २०५९, पृ. १८७) । विश्वविद्यालयमा निबन्ध शिक्षणको विशेष महत्त्व रहेको हुन्छ । "निबन्ध शिक्षणको मुख्य उद्देश्य निबन्धन सिप हासिल गर्नु र आफ्ना वस्तुतथ्यात्मक, भावात्मक, वैचारिक आदि अभिव्यक्तिलाई विस्तारपूर्वक प्रतिपादन गरेर सो प्रतिपादनलाई पूर्वापर क्रम मिलाई शृङ्खलाबद्ध रूपमा प्रस्तुति गर्ने सिप आर्जन गर्नु हो" (शर्मा र पौडेल, २०६८, पृ. १८६) । त्यसैले यसको शिक्षण विधि र पद्धतिप्रति शिक्षक विद्यार्थी दुवै सचेत हुनुपर्छ । त्यसपछि मात्र लेखन अभिव्यक्ति सिपको विशिष्टता हासिल गराउन सकिन्छ ।

स्नातक तहको अनिवार्य नेपाली विषयमा आत्मपरक र वस्तुपरक निबन्ध सिर्जना गर्ने विशिष्ट उद्देश्य निर्धारण गरिएको छ । आत्मपरक निबन्ध भावपरक र स्वको प्रकटीकरणमा केन्द्रित हुने भएकाले यसको लेखन शैली साहित्यिक प्रकृतिको हुन्छ । "अनुभवमा आधारित, कल्पना र निजात्मकताको प्रधानता भएको निबन्धलाई साहित्यिक निबन्ध र ज्ञानमा आधारित, वस्तुगत, अवैयक्तिक र न्यून काल्पनिक निबन्धलाई साहित्येतर निबन्ध भनिन्छ" (शर्मा, २०६३, पृ. ४८८) । साहित्येतर निबन्ध वस्तुपरक प्रकृतिको हुन्छ । अनिवार्य नेपाली विषयको पाठ्यक्रमअनुसार स्नातक तहमा तोकिएको विषय र निर्धारित ढाँचा निबन्ध-लेखन गर्नुपर्ने हुन्छ । जुनसुकै विषयमा अध्ययन एवम् अनुसन्धान गरी प्राप्त ज्ञानको लिखित अभिव्यक्ति र दस्ताबेजीकरणमा समक्ष बनाउन साहित्येतर निबन्ध-लेखनको शिक्षणमा जोड दिनुपर्छ । यस विषयको मूल्याङ्कनका लागि लिइने परीक्षामा निबन्ध-लेखनका लागि दिइने तीनवटा शीर्षकमध्ये दुईवटा वस्तुपरक प्रकृतिको हुने सन्दर्भले पनि यस कुरालाई पुष्टि गर्छ । त्यसैले यहाँ निबन्ध-लेखन शिक्षण भन्नाले निर्धारित विषय र ढाँचामा भाव वा विचार अभिव्यक्त गर्ने ज्ञान, सिप, पद्धति एवम् शैलीको शिक्षण हो ।

नेपालीमा निबन्ध लेखन शिक्षणबारे यसअघि पनि विभिन्न विद्वान्हरूले चर्चा गरेका छन् । हेमाङ्गराज अधिकारी (२०५९) ले निबन्ध लेखन शिक्षणका सन्दर्भमा यसको आत्मपरक र वस्तुपरक भेद

देखाई निबन्धको आदि, मध्य र अन्त्य भागको सामान्य सैद्धान्तिक चिनारी गराएका छन् । त्यस्तै केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेल (२०६८) ले पनि निबन्ध र यसको शिक्षणबारे चर्चा गर्दै तह र सङ्कायका आधारमा शीर्षक छनोट गरी सोहीअनुकूल शिक्षण तरिका अपनाउन सकिने विचार व्यक्त गरेका छन् । देवीप्रसाद गौतम र अन्य (२०७०) ले निबन्ध लेखनका सन्दर्भमा यसको प्रकार र संरचनबारे चर्चा गरेका छन् भने दयाराम श्रेष्ठ र अन्य (२०७१) ले पनि निबन्ध लेखनको शीर्षक चयनदेखि यसका आदि, मध्य र अन्त्य भागका साथै यसको आत्मपरक र वस्तुपरक स्वरूपबारे सङ्क्षिप्त चर्चा गरेका छन् । माथि प्रस्तुत निबन्ध लेखनसम्बन्धका पूर्वकार्यहरूको अध्ययनले निबन्ध लेखन शिक्षणको समग्रता र विशिष्टतालाई मापन गर्न सकेको देखिँदैन । निबन्धको शीर्षक चयनदेखि यसका बाह्यान्तरिक संरचनाको शिक्षण सम्बन्धमा माथिका पूर्वकार्यहरूमा सूक्ष्म विश्लेषण हुन सकेको छैन । उच्चशिक्षा अध्ययनरत शिक्षार्थीहरूका लागि निबन्ध लेखनको विशिष्ट सिपको आवश्यकता हुने भएकाले सोसम्बन्धी खोज अध्ययन गर्नु शैक्षिक एवम् प्राज्ञिक दृष्टिले आवश्यक र औचित्यपूर्ण देखिन्छ । यसै आवश्यकताको परिपूर्तिका लागि निबन्ध लेखन शिक्षण के-कसरी गराउन सकिन्छ भन्ने समस्याका केन्द्रित रहेर यो शोधकार्य गरिएको छ ।

## अध्ययन र सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्य निबन्ध लेखन शिक्षणसम्बन्धी अवधारणामा आधारित रहेको छ । विश्वविद्यालय तहमा निबन्ध लेखन शिक्षणको आवश्यकता र महत्त्वका सन्दर्भमा यसका विधि र प्रक्रियाका सन्दर्भमा विभिन्न विद्वान्हरूले प्रस्तुत गरेका उपयुक्त विचार र प्रक्रियाहरूको अध्ययन गरी तिनको आवश्यक संयोजन र व्याख्याका माध्यमबाट समस्याको समाधान निकालिएको छ । त्यसैले यसमा अवधारणामा आधारित खोज र विश्लेषण विधिको प्रयोग गरिएको छ । यसका लागि आवश्यक सामग्रीको सङ्कलन पुस्तकालय कार्यबाट गरिएको छ र यसबाबट प्राप्त द्वितीयक सामग्रीका स्रोतहरूको उपयोग गरी समाधान खोजिएको छ ।

## निबन्ध लेखनको अवधारणा

निबन्ध लेखन विचार अभिव्यक्तिको सशक्त माध्यम हो । यसका लागि विषयको आवश्यकता पर्दछ । माइकल डे माँतेले आफ्नै अनुभूतिलाई निबन्धको विषय मानेका छन् भने फ्रान्सिस बेकनले निबन्धलाई विकीर्ण चिन्तनका रूपमा स्वीकार गरेका छन् (हडसन्, सन् २००२, पृ. ७१) । लेखनका लागि चिन्तनको आवश्यकता पर्ने भएकाले बेकनले भनेजस्तै निबन्ध कोरा लेखन मात्र नभएर चिन्तन नै हो । चिन्तन कुनै विषयमा गरिने गहन अध्ययन एवम् खोजको प्रक्रिया हो । त्यसैले निबन्ध-लेखनभन्दा पहिले चिन्तनको जरूरत पर्छ । विद्यार्थीहरूले कुनै विषयमा निबन्ध लेख्नुअघि त्यस विषयमा चिन्तन गर्नुपर्छ, त्यसबारे खोज र अध्ययन गर्नुपर्छ । यसरी प्राप्त ज्ञानको दस्ताबेजीकरण निबन्ध हो । तसर्थ एम. एच. अब्राम्सले निबन्धले एउटा दृष्टिकोण व्यक्त गर्दछ या कुनै विषयमा एउटा विचार स्विकार्न

पाठकलाई विश्वासमा लिन्छ भन्ने विचार व्यक्त गरेका छन् (अब्राहम्स, सन् २००५, पृ. ५९) । त्यसैले निबन्ध कुनै विषयमा अभिव्यक्त विचार एवम् चिन्तनको विशिष्टता हो ।

विश्वविद्यालयका विद्यार्थीहरूका लागि निबन्ध लेखन एक प्रकारको कला पनि हो । सिर्जनात्मक लेखनमा कलाका रूपमा निबन्ध लेखनको महत्त्व रहेको हुन्छ भने अन्य विषयमा पनि प्राप्त ज्ञानको अभिव्यक्तिका लागि निबन्ध लेखन कौशल आवश्यक हुन्छ किनभने स्पष्ट अभिव्यक्ति, विचार एवम् तर्कको विकास र पुष्टिका लागि निबन्ध लेखनको कला सबै प्रकारका गैरआख्यानपरक लेखनमा आवश्यक हुन्छ (वारबटन, सन् २००६, पृ. ६) । निबन्ध लेखन कुनै विचारमा पाठकलाई विश्वस्त बनाउने कला हो । जुनसुकै विषयमा लेखिएको निबन्ध भए पनि त्यसको मूल भनेको विचार नै हो । निबन्धकारले आफ्नो विचारमा पाठकलाई सहमत एवम् विश्वस्त बनाउन विभिन्न पद्धतिको उपयोग गर्छ । निबन्धको शीर्षकले विचारको उठान गर्दछ, त्यसैको मियोमा थप व्याख्या र विस्तार गर्दै जाँदा निबन्धको स्वरूप निर्माण हुँदै जान्छ । त्यसैले ईश्वर बरालले भनेझैँ यो "एक किसिमको कुरा गराइ र लेखकका मनका भावनाहरूलाई स्वगतकथनका रूपमा उद्घाटित गराउने विधा विशेष" मात्र होइन (२०१३, पृ. ३३-३४) । यसमा विचारको विस्तार र व्याख्याका निम्ति तथ्य, तर्क र प्रमाणहरूको प्रधानता भए तार्किक निबन्ध हुन्छ भने वर्णन र विवरणको प्रधानता भए वर्णनात्मक एवम् विवरणात्मक निबन्ध हुन्छ । त्यसै गरी घटनासन्दर्भहरूको प्रधानता भए कथात्मक निबन्ध बन्न पुग्छ । यसै आधारमा निबन्धलाई तार्किक, वर्णनात्मक, विवरणात्मक एवम् आख्यानात्मक भनी वर्गीकरण गरिएको छ ।

निबन्ध लेखन शिक्षणमा यसको पद्धति एवम् शैलीको चर्चा पनि अपरिहार्य हुन्छ । प्राज्ञिक एवम् अनुसन्धानपरक लेखनको आफ्नै विशिष्ट ढाँचा हुन्छ, यसको संरचना पनि निश्चित रहेको हुन्छ । यो मुख्यतः के भन्न लागिएको छ त्यो बताउने (परिचय), भन्न चाहेका कुराहरू विस्तारमा बताउने (व्याख्या, विस्तार), के भनियो, त्यो बताउने (निष्कर्ष) को संरचनामा लेखिन्छ । निबन्धको भाषिक शैलीको शिक्षण पनि आवश्यक हुन्छ । निबन्धको भाषा सरल र विशिष्ट दुवै हुन सक्छ । निबन्धको प्रापक वा सम्भावित पाठकलाई ख्याल गरेर सोअनुसार भाषाको प्रयोग गर्नु उपयुक्त हुन्छ । स्नातक तहका विद्यार्थीहरूले लेख्ने निबन्धको प्रापक विश्वविद्यालयका प्राध्यापकहरू नै हुने भएकाले यसमा विशिष्ट भाषाको प्रयोग अपेक्षित हुन्छ । त्यसैले निबन्ध-लेखन शिक्षणका क्रममा भाषिक शैलीको शिक्षण पनि अपेक्षित छ ।

स्नातक तहमा स्वतन्त्र निबन्ध एवम् निर्देशित निबन्धमा मात्र नभएर निबन्धात्मक प्रश्नोत्तर र प्राज्ञिक लेखनमा पनि निबन्ध-लेखन शिक्षणको महत्त्व रहेको छ । लामो उत्तर लेख्ने प्रकृतिका प्रश्नहरूको लेखाइका लागि निबन्ध लेखनको ज्ञान अपरिहार्य हुन्छ । यस प्रकारका प्रश्नहरू विवेचना गर्नुहोस्, समीक्षा गर्नुहोस्, मूल्याङ्कन गर्नुहोस्, तुलना गर्नुहोस्, प्रकाश पार्नुहोस्, विस्तार गर्नुहोस्, चर्चा पार्नुहोस्, पुष्टि पार्नुहोस्, विश्लेषण पार्नुहोस्, छलफल गर्नुहोस् आदिका रूपमा सोधिन्छन् । यसरी सोधिएका प्रश्नको उत्तर पनि निबन्ध-लेखनको ढाँचामा नै लेखिन्छन् । यसमा पनि निबन्धको जस्तै मुख्य तीन भाग हुन्छन् : परिचय, व्याख्या/विस्तार र निष्कर्ष । आदि भागमा प्रश्नको भावानुसार

उत्तरको उठान गरिन्छ भने मध्य भागमा त्यसको व्याख्या र विस्तार गरिन्छ । यसमा विचारको पुष्टिका लागि सम्बन्धित पाठबाट आवश्यक उद्धरणहरूको पनि प्रयोग गरिन्छ र अन्त्यमा त्यसबाट प्राप्त निष्कर्षको अभिलेखीकरण गरिन्छ । यसरी आवश्यक तथ्य एवम् उद्धरहणसहित विचारलाई पुष्टि गर्दै लेखिने तार्किक र विश्लेषणात्मक निबन्ध लेखनले उच्च तहमा गरिने प्राज्ञिक लेखन क्षमताको विकासमा सहयोग पुऱ्याउँछ । यसै सन्दर्भमा वारबटनले प्राज्ञिक विद्यार्थीका लागि निबन्ध लेखन एउटा मुटुसरह महत्त्वको हुन्छ भन्ने विचार व्यक्त गरेका छन् (सन् २००६, पृ. ११) । त्यसैले स्नातक तहमा शिक्षण गरिने निबन्ध-लेखनको विशिष्ट उद्देश्य यसतर्फ केन्द्रित हुनुपर्छ । वस्तुतः विश्वविद्यालय तहमा गरिने निबन्ध-लेखनको गन्तव्य प्राज्ञिक लेखन र शोधलेखन हो । तसर्थ निबन्ध-लेखन शिक्षणलाई सीमित दायराभित्र मात्र सङ्कुचन नगरी व्यापक दायरामा शिक्षण गर्नुपर्छ । यसले साहित्यिक निबन्ध-लेखन, स्वतन्त्र लेखन, निबन्धात्मक प्रश्नोत्तर लेखन हुँदै प्राज्ञिक लेखनसम्मको व्यापक आयामलाई समेट्नुपर्छ ।

## विमर्श र समाधान

स्नातक तहमा शिक्षण गरिने निबन्ध लेखन शिक्षण विद्यार्थीहरूका लागि प्राज्ञिक लेखनतर्फको तयारी भएकाले यो एउटा योजनाबद्ध लेखन हो । यसका लागि निश्चित विधि अवलम्बन गर्नुपर्छ । यस सन्दर्भमा निबन्ध योजनालाई अनिवार्य नेपाली शिक्षण निर्देशिका (२०६६) मा दुई भागमा छुट्याइएको छ : (अ) निबन्ध लेख्नुअघि गर्नुपर्ने काम र (आ) निबन्ध लेखिसकेपछि गर्नुपर्ने काम । पहिलो शीर्षकअन्तर्गत विषय शीर्षक छनोट, सीमाङ्कन, प्रापक निर्धारण, उद्देश्य निर्धारण, युक्ति, अभिव्यक्ति वा शैली निर्धारण, बुँदाटिपोट र अनुच्छेद योजनाको चर्चा गरिएको छ भने दोस्रो शीर्षकमा परिष्कार र परिमार्जनको चर्चा गरिएको छ (पृ. १११) । यसरी निबन्ध लेख्नुअघिदेखि निबन्ध लेखिसकेपछि सम्मका योजनाहरूलाई यस प्रकार चर्चा गर्न सकिन्छ :

### निबन्ध लेख्नुअघि गर्नुपर्ने काम

#### *मानसिक तयारी (Brain Stroming)*

निबन्ध लेख्नुअघि विद्यार्थी मानसिक रूपमा तयार हुनपर्छ । आफ्नो रूचि र विषयको क्षेत्र पहिचान गरी त्यसकाबारे चिन्तन मनन गर्नुपर्छ । त्यसका लागि आवश्यक सामग्रीहरूको खोजी र अध्ययन गर्नुपर्छ । यसका लागि विज्ञ व्यक्तिहरु, प्रकाशित सामग्रीहरु र इन्टरनेट मुख्य स्रोत हुन् । यसरी गरिएका खोज, अध्ययन र चिन्तनको परिणाम स्वरूप विचारको बीजारोपण हुन्छ । यसले निबन्धको शीर्षक र उद्देश्य निर्धारणमा सहयोग पुऱ्याउँछ ।

### *विषय/शीर्षक छनोट*

निबन्ध लेखनमा विषय र शीर्षक छनोटलाई यसको पच्चिस प्रतिशत काम मानिन्छ । निबन्धको शीर्षक आफ्नो रूचि, क्षेत्र र ज्ञानको विषयमा आधारित हुनुपर्छ । स्नातक तहका विद्यार्थीहरूका लागि निबन्धको शीर्षक निर्धारित हुने भएकाले दिइएको शीर्षकहरूमध्ये आफ्नो रूचि, क्षेत्र र ज्ञान भएको शीर्षक छनोट गर्नुपर्छ । यस तहमा सामान्यतः निबन्धको शीर्षक सामाज, शिक्षा, पर्यटन, राजनीति, वातावरण, संस्कृति आदि क्षेत्रका समसामयिक सन्दर्भहरूसँग सम्बन्धित हुने भएकाले त्यस्ता क्षेत्रहरूको जानकारी लिइराख्नुपर्छ । यसमा आत्मगत अभिव्यक्तिका लागि आत्मपरक विषयको शीर्षक पनि दिइएको हुन्छ । आफूसँग जुन विषयको राम्रो ज्ञान छ सोही विषयको शीर्षक छनोट गर्नुपर्छ ।

### *प्रापक निर्धारण*

बैंकिङ क्षेत्रमा 'के.वाइ.सी' (नो योर कस्टमर) भने जस्तै निबन्ध लेखनमा पनि 'के.वाइ.ए' भन्न सकिन्छ । 'के.वाइ.ए' भनेको 'नो योर अडियन्स' हो । निबन्धको सम्भावित पाठक वा प्रापकको निर्धारण निबन्ध-लेखनका लागि महत्त्वपूर्ण हुन्छ । पाठकको स्तरअनुसार निबन्धको भाषालगायतका पक्षमा ध्यान दिनुपर्ने भएकाले अपेक्षित पाठकको निर्धारण महत्त्वपूर्ण हुन्छ । स्नातक तहका विद्यार्थीहरूले लेख्ने निबन्धको अपेक्षित पाठक शिक्षक हुने भएकाले सोहीअनुसार बोद्धिकताको प्रयोग गरी निबन्ध लेख्नुपर्छ ।

### *उद्देश्य निर्धारण*

निबन्धको उद्देश्यले यसको प्रकृति निर्धारण गर्ने भएकाले उद्देश्य निर्धारण महत्त्वपूर्ण हुन्छ । कुनै विषयको जानकारी वा सूचना प्रदान गर्ने उद्देश्य छ भने त्यस्तो निबन्ध वर्णनात्मक, विवरणात्मक, व्याख्यात्मक प्रकृतिको हुन्छ । त्यस्तै कुनै विषयमा पक्ष वा विपक्षमा मत प्रकट गर्ने उद्देश्य छ भने तार्किक प्रकृतिको निबन्ध हुन्छ । निजि अनुभव र अनुभूतिको प्रकटीकरण गर्ने उद्देश्य छ भने आत्मपरक प्रकृतिको निबन्ध हुन्छ । उद्देश्यको निर्धारण शीर्षकबाट नै निर्देशित हुँदै जान्छ, जस्तै : तुलनात्मक सुन्दरकाण्ड ।

### *युक्ति निर्धारण*

निबन्धको उद्देश्यअनुसार निबन्ध-लेखनको युक्ति निर्धारण हुन्छ । माथि चर्चा गरिएजस्तै वर्णनात्मक, विवरणात्मक, व्याख्यात्मक, विश्लेषणात्मक, तुलनात्मक, मूल्याङ्कनात्मक, तार्किक, आख्यानात्मक आदि युक्तिहरूको प्रयोग गर्न सकिन्छ ।

### *अभिव्यक्तिको शैली*

निबन्धको उद्देश्य, प्रकृति र अपेक्षित पाठकका आधारमा निबन्धको शैली निर्धारण गर्न सकिन्छ । निबन्धको शैली सामान्य र विशिष्ट एवम् औपचारिक र अनौपचारिक हुन्छ । यसको सम्बन्ध भाषिक

प्रयोगको विशिष्टतासँग रहेको हुन्छ । आत्मपरक निबन्ध लेखनको शैली अनौपचारिक हुन्छ भने वस्तुपरक निबन्धको शैली औपचारिक हुन्छ ।


## *बुँदा र अनुच्छेद योजना*

निबन्धको उद्देश्यअनुसार अभिव्यक्तिको व्यवस्थापन, सङ्गठन र स्पष्टताका निम्ति बुँदाहरूको टिपोट गरी तिनलाई अनुच्छेदहरूमा योजनाबद्ध गर्नुपर्छ । शीर्षकअनुसारको विषयमा प्राप्त जानकारी र ज्ञानलाई आवश्यकताअनुसार बुँदागत रूपमा टिपोट गर्ने र तिनलाई आवश्यक अनुच्छेदहरूमा सङ्गठित गर्ने योजना यस शीर्षकअन्तर्गत पर्छ । निबन्धको स्तरीयता र विशिष्टताका निम्ति यो चरण धेरै महत्त्वपूर्ण हुन्छ । यस चरणपश्चात् निबन्धको पहिलो लेखन कार्य हुन्छ । यसलाई दुई तरिकाले गर्न सकिन्छ :

### तरिका १ : विकीर्ण रेखाचित्रको प्रयोग

निबन्धको शीर्षकसँग सम्बन्धित सम्झिइएका र प्राप्त भएका बुँदाहरूलाई खुरूखुरू टिपोट गर्दै जाने बुँदाटिपोटको एउटा तरिको हो । यसमा विषयगत ऐक्यबद्धतालाई ख्याल गरिँदैन । यो खेस्रा टिपोटका रूपमा हुन्छ ।

कक्षाशिक्षणमा निबन्धका बुँदाहरूको टिपोटका लागि विकीर्ण रेखाचित्रको प्रयोग गर्न सकिन्छ । शीर्षकसँग सम्बन्धित विभिन्न विचार र सन्दर्भका बुँदाहरूलाई छरपस्ट रूपमा गरिएको टिपोटलाई विकीर्ण रेखाचित्र (Scattagram) भनिन्छ । यो एक किसिमको रेखाचित्र नै भए पनि यसमा विचारका बुँदाहरू व्यवस्थित नहुने भएकाले यसलाई विकीर्ण रेखाचित्र भन्न सकिन्छ । यसले शीर्षकसँग सम्बन्धित विचारहरूलाई टिपोट गर्न सहयोग पुऱ्याउँछ । यसका लागि पानाको मध्यभागमा शीर्षक लेखेर त्यसका वरिपरि ज्ञान र अनुभवका आधारमा सम्झिन सकेजति विचार र सन्दर्भहरूको खेस्रो टिपोट गर्न लगाउनुपर्छ । यसलाई तलको उदाहरणबाट बुझाउन सकिन्छ :



यसरी टिपोट गरिएका मिल्दा मिल्दा बुँदाहरूको समूह बनाउने र तिनै समूहलाई सङ्गठित गरी अनुच्छेद संरचनाको निर्माण गर्न सकिन्छ ।

**तरिका २:**

निबन्धको शीर्षकलाई विषयको प्रकृतिअनुरूप निर्धारित उद्देश्यअनुसार लेख्न मिल्ने गरी विभिन्न उपशीर्षक वा मुख्य मुख्य बुँदामा बाँड्ने

विभाजन गरिएका उपशीर्षक वा मुख्य बुँदाहरूको क्रम मिलाउने
प्रत्येक उपशीर्षक वा मुख्य बुँदाका लागि बुँदाटिपोट गर्ने र तिनको क्रम मिलाउने (अनिवार्य नेपाली शिक्षण निर्देशिका, पृ. ११३)

जस्तै : निबन्धको शीर्षक : खेलकुद
खेलकुदको शारीरिक महत्त्व
शारीरिक स्वास्थ्यका लागि खेलकुद
मानसिक स्वास्थ्यका लागि खेलकुद
खेलकुदको आर्थिक महत्त्व
खेलकुदका माध्यमबाट अर्थ आर्जन गर्न सकिने
खेलकुदका क्षेत्रमा व्यवसायका रूपमा लगानी गर्न सकिने
खेलकुदको सामाजिक महत्त्व
खेलकुदले सामाजिक सद्भाव बढाउने
युवाहरूलाई दुर्व्यसनबाट बचाउने
यसरी टिपोट गरिएका बुँदाहरूलाई विस्तार गरेर निबन्ध लेख्न सकिन्छ ।

## *निबन्ध लेखिसकेपछि गर्नुपर्ने काम*

निबन्धको पहिलो लेखनपश्चात् सबैभन्दा पहिले आफैले राम्रोसँग पुरै निबन्ध पढ्नुपर्छ । यसमा विषयगत एकरूपता, स्पष्टता, विचारको व्यवस्थापन, शृङ्खला र सङ्गठन, भाषिक शुद्धता आदि पक्षको ख्याल गर्नुपर्छ । निबन्धको उद्देश्यअनुसार यसको युक्ति, विस्तार र शैलीको उपयुक्तताको जाँच पनि गर्नुपर्छ ।

आफूले परिष्कार र आवश्यक परिमार्जन गरिसकेपछि उक्त निबन्ध सहपाठीलाई समीक्षार्थ देखाउनुपर्छ । कम्तीमा दुई जना वा सोभन्दा धेरै जना साथीलाई देखाएर उनीहरूबाट प्राप्त सुझावहरूअनुसार आवश्यक पुनः परिष्कार र परिमार्जन गर्नुपर्छ ।

अन्तिम साफी गरिएको निबन्ध सम्बन्धित शिक्षकलाई बुझाउनुपर्छ । शिक्षकले पनि हेरेर आवश्यक सुझाव दिएपछि कक्षाशिक्षणका सन्दर्भमा लेखिएको निबन्ध तयार हुन्छ ।

निबन्धमा मुख्यतः आन्तरिक र बाह्य संरचना हुन्छ । त्यसैले यसको शिक्षण प्रक्रियालाई सोहीबमोजिम दुई भागमा विभाजन गरेर अध्यापन गर्न सकिन्छ :


### *निबन्धको बाह्य संरचनाको शिक्षण*

स्नातक तहमा करिब तीन सय शब्दको निबन्ध अपेक्षित हुन्छ । यो शीर्षकसहित विभिन्न अनुच्छेदमा व्यवस्थित ढङ्गले संरचित हुन्छ । त्यसले यसको शीर्षक एवम् अनुच्छेद संरचनाको शिक्षण महत्त्वपूर्ण हुन्छ । यसलाई विद्यार्थीहरूलाई सहभागी गराई प्रयोगात्मक क्रियाकलापका माध्यमबाट शिक्षण गर्न सकिन्छ । 'एस्से राइटिङ' पुस्तकका लेखक एवम् प्रदर्शनात्मक शिक्षणविधिका अध्येता जक म्याकेन्जी (सन् २००७, पृ. ११) ले विद्यार्थीलाई नै प्रयोग गरी अभिनय गराउने विधिको उपयोगिता सान्दर्भिक देखिन्छ । यसलाई विद्यार्थी अभिनय विधि भन्न सकिन्छ । यस आधारमा गराइने विद्यार्थी अभिनय क्रियाकलापलाई निम्न लिखितअनुसार देखाउन सकिन्छ :

**क्रियाकलाप १**

निबन्धको शीर्षक र अनुच्छेद संरचना शिक्षणका लागि शीर्षकमा प्रयोग हुन सक्ने शब्द सङ्ख्या र अनुच्छेदमा प्रयोग हुन सक्ने अनुमानित वाक्य सङ्ख्याअनुसार विद्यार्थीहरूको समूह निर्माण गर्ने । निबन्धको शीर्षक सङ्क्षिप्त हुने भएकाले यसमा सामान्यतः एक वा दुई शब्दको प्रयोग हुन्छ भने दुई जना विद्यार्थीको एउटा समूह बनाएर अगाडि उभ्याउने, त्यसपछि पहिलो परिचय अनुच्छेदमा करिब चार वा पाँचवटा वाक्यको प्रयोग हुन्छ भने चार वा पाँच जना विद्यार्थीको समूह बनाएर शीर्षक समूहभन्दा पछाडि उभ्याउने, त्यसपछिका विस्तारका अनुच्छेदहरू सात वा आठ वाक्य जतिका हुन्छन् भने सात वा आठ जना एउटा समूह भएको तीनवटा समूह बनाउने र क्रमशः उभ्याउने र अन्तिमको अनुच्छेद करिब चार वा पाँच वाक्यको हुन्छ भने चार वा पाँच जनाको समूह बनाएर अन्तिममा उभ्याउने । यसरी उभ्याइएको विद्यार्थीहरूको समूह र सङ्ख्याले निबन्धको शीर्षक र अनुच्छेदको संरचना बुझाउँछ ।

यसलाई तलको चित्रबाट पनि स्पष्ट पार्न सकिन्छ :




माथिको चित्रमा देखाइएको ढाँचामा निर्माण गरिएको विद्यार्थी समूहलाई माथि दिइएको जस्तै नामहरु दिन सकिन्छ । यसको प्रदर्शनीले विद्यार्थीहरु निबन्धको शीर्षक र अनुच्छेद संरचनाको ज्ञान हालिस गर्न सहयोग गर्ने छ ।

**क्रियाकलाप २**

विद्यार्थीको हरेक समूह बिच निश्चित दूरी कायम राख्ने र हेरक समूहको एक एक सदस्यलाई हात लम्काएर समाउन लगाउने । यसले एउटा अनुच्छेद र अर्को अनुच्छेद बिचको अन्तर्सम्बन्ध बुझाउन सहयोग गर्दछ ।

**क्रियाकलाप ३**

पहिलो समूहलाई कुनै आवाज निकाल्न लगाउने, जस्तै : सुसेल्न वा ताली बनाउन । त्यसपछि क्रमशः अन्य समूहलाई पनि सोही प्रकृतिको आवाज निकाल्न लगाउने । यसले निबन्धमा एक अनुच्छेदपछि अर्को अनुच्छेदको क्रमशः स्थान र महत्त्व हुने कुरा बुझाउन सहयोग पुऱ्याउँछ ।

## *निबन्धको आन्तरिक संरचना शिक्षण*

निबन्ध भनेको अनुच्छेद संरचनाको विशिष्ट सङ्गठन हो, यो अनुच्छेदहरूको पुञ्ज हो । विश्वविद्यालयमा औपचारिक निबन्ध-लेखनको महत्त्व धेरै भएकाले यसको अनुच्छेदसंरचना र अनुच्छेदसङ्गठनको ज्ञान आवश्यक हुन्छ । यसमा मुख्य तीन भाग हुने भएकाले हरेक भागमा प्रयोग हुने अनुच्छेदको संरचना विशिष्ट प्रकृतिको हुन्छ । पहिलो भाग र अन्तिम भाग क्रमशः परिचय र निष्कर्षका रूपमा रहने भएकाले यी अनुच्छेदहरु सङ्कुचन वा समास शैलीको हुने गर्छ भने मध्य भागमा विषयको विस्तार हुने भएकाले यो विश्लेषणात्मक एवम् व्यास शैलीको हुने गर्छ (श्रेष्ठ, २०७८, पृ. १०५) । सामान्यतः निबन्धको अनुच्छेदलेखन सामान्यबाट विशिष्टतर्फ मुखरित हुनुपर्छ । पहिलो अनुच्छेदमा सामान्यीकृत वाक्यहरूको प्रयोग हुन्छ भने त्यसपछिका अनुच्छेदहरु पहिलो अनुच्छेदकै विशिष्टीकरणका रूपमा आउँछ । सामान्यतः हरेक अनुच्छेदभित्र पनि यस्तै प्रकृतिको संरचना हुन्छ । अर्थात् पहिलो शीर्ष वाक्य सामान्य कथनबाट सुरू हुन्छ भने त्यसपछिका वाक्यहरु त्यसैको विशिष्टीकरणका रूपमा आएको हुन्छ र निबन्धको अन्तिम अनुच्छेद निष्कर्ष अनुच्छेद भए जस्तै अनुच्छेदको अन्तिम वाक्य पनि निष्कर्ष वाक्यका रूपमा आएको हुन्छ । निबन्धको अनुच्छेद सङ्गठन र अनुच्छेद संरचनाको ढाँचालाई यसप्रकार देखाउन सकिन्छ :

**शीर्षक**

३ पहिलो अनुच्छेद (परिचय अनुच्छेद) (समास शैली)

------------------------------------------------ विचार वाक्य (सामान्य कथन)

---------------------------------------------------------- पूरक वाक्यहरु (विशिष्ट कथन)

३ दोस्रो अनुच्छेद (विस्तार) (व्यास शैली)

------------------------------------------------ शीर्ष वाक्य (सामान्य कथन)

---------------------------------------------------------- पूरक वाक्य (विशिष्ट कथन)

-------------------------------------------------- (तथ्य, प्रमाण, उदाहरण,उद्धरण आदि)

------------------------------------------------------------------------ (निष्कर्ष वाक्य)

३ तेस्रो अनुच्छेद (विस्तार) (व्यास शैली)

------------------------------------------------ शीर्ष वाक्य (सामान्य कथन)

---------------------------------------------------------- पूरक वाक्य (विशिष्ट कथन)

-------------------------------------------------- (तथ्य, प्रमाण, उदाहरण, उद्धरण आदि)

------------------------------------------------------------------------ (निष्कर्ष वाक्य)

३ चौथो अनुच्छेद (विस्तार) (व्यास शैली)

------------------------------------------------ शीर्ष वाक्य (सामान्य कथन)

---------------------------------------------------------- पूरक वाक्य (विशिष्ट कथन)

-------------------------------------------------- (तथ्य, प्रमाण, उदाहरण,उद्धरण आदि)

------------------------------------------------------------------------ (निष्कर्ष वाक्य)

३ पाँचौ अनुच्छेद (निष्कर्ष) (समास शैली)

---- (निष्कर्ष सूचक पद) ------------------------------------ (निष्कर्ष वाक्य)

---------------------------------------------------------- (पूरक वाक्यहरू)

माथिको ढाँचाअनुसार लेखिने निबन्धको बुँदाहरूलाई यसप्रकार देखाउन सकिन्छ :

***शीर्षक : विविधतामा एकता***

**पहिलो अनुच्छेद**

- शीर्षकसँग सम्बन्धित विचार वाक्य (भौगोलिक रूपमा सानो भए पनि नेपाल विविधतामा एकता भएको सुन्दर मुलुक हो ।)
- पहिलो वाक्यको कथनलाई पुष्टि गर्नसक्ने र तल्ला अनुच्छेदहरूमा थप विस्तार गर्न सकिने सहयोगी वाक्यहरु (भौगोलिक विविधता, प्राकृतिक विविधता र सांस्कृतिक विविधता) (पहिलो सामान्य कथनभन्दा थप विशिष्ट कथन, यिनै बुँदाहरूलाई अन्य अनुच्छेदमा व्याख्या एवम् विस्तार गर्न सकिने)
- यो अनुच्छेद व्याख्या र विस्तारको अनुच्छेदभन्दा सानो आयामको हुने

**दोस्रो अनुच्छेद**

- पहिलो शीर्ष कथन (माथि उठान गरिएका मुख्य तीनवटा बुँदाहरूमध्ये पहिलो बुँदालाई सामान्यीकृत रूपमा प्रस्तुत गर्ने) जस्तै : नेपाल भौगोलिक रूपमा विविधतायुक्त मुलुक हो ।
- शीर्ष कथनालाई अनुच्छेदको आदि, मध्य वा अन्त्यमा राख्न सकिने
- यसपछि क्रमशः यसै कथनको पुष्टिका निम्ति विशिष्टीकृत कथनहरूको प्रयोग गर्ने । (हिमाली, पहाडी, उपत्यका, चुरे, तराई आदि विशिष्ट पक्षहरूको चर्चा)
- व्याख्या, विस्तारका लागि आवश्यक तर्क, प्रमाण, तथ्याङ्क, उदाहरण, पूर्वकथन, उद्धरण, आफ्नो अनुभव र अनुभूति आदिको प्रयोग
- अनुच्छेदको शीर्ष कथनको पुष्टि

**तेस्रो अनुच्छेद**

- दोस्रो शीर्ष कथन (माथि उठान गरिएका मुख्य तीनवटा बुँदाहरूमध्ये दोस्रो बुँदालाई सामान्यीकृत रूपमा प्रस्तुत गर्ने) (जस्तै : नेपाल प्राकृतिक रूपमा पनि विविधताले भरिपूर्ण सुन्दर मुलुक हो ।)
- यसपछि क्रमशः यसै कथनको पुष्टिका निम्ति अन्य विशिष्ट पक्षहरूको चर्चा गर्ने (वनजङ्गल, हावापानी, जीवजन्तु आदिको विविधता)
- व्याख्या, विस्तारका लागि आवश्यक तर्क, प्रमाण, तथ्याङ्क, उदाहरण, पूर्वकथन, उद्धरण, आफ्नो अनुभव र अनुभूति आदिको प्रयोग
- यस अनुच्छेदको शीर्ष कथनको पुष्टि

**चौथो अनुच्छेद**

- तेस्रो शीर्ष कथन (माथि उठान गरिएको तेस्रो बुँदालाई सामान्यीकृत रूपमा प्रस्तुत गर्ने) जस्तै : नेपाली सांस्कृतिक रूपमा विविधतामा एकता भएको मुलुक हो ।)
- यसपछि क्रमशः यसै कथनको पुष्टिका लागि अन्य विशिष्ट पक्षहरूको उल्लेख गर्ने (जातीय विधिता, भाषिक विविधता, चाडपर्व, वेशभूषा, धर्म आदिको विविधता र तिनीहरू बिचको एकता)
- व्याख्या, विस्तारका लागि आवश्यक तर्क, प्रमाण, तथ्याङ्क, उदाहरण, पूर्वकथन, उद्धरण, आफ्नो अनुभव र अनुभूति आदिको प्रयोग
- यस अनुच्छेदको शीर्ष कथनको पुष्टि

**पाँचौँ अनुच्छेद**

- सामान्यतः निष्कर्ष सूचक पद वा पदावलीबाट सुरू गर्ने, जस्तै : यस प्रकार, यसरी, अतः निष्कर्षतः आदि
- माथिका कथनको पुनर्कथन र पुनर्पुष्टी
- व्याख्या, विस्तारका अनुच्छेदभन्दा सानो आयामा

तसर्थ, निबन्धलाई मुख्य तीन भागमा बाँड्न सकिन्छ :

पहिलो भाग : परिचय (केका बारेमा के भन्न खोजिएको छ, त्यो सूचित गर्ने)

दोस्रो भाग : व्याख्या, विस्तार (जे भन्न खोजिएको हो, सो विस्तारमा बताउने)

तेस्रो भाग : निष्कर्ष (माथि जे भनियो, सोको पुनर्कथन)

***निबन्ध समीक्षा फाराम***

निबन्ध लेखिसकेपछि सहपाठी एवम् शिक्षकलाई समीक्षार्थ पेश गरी आवश्यक सल्लाह र सुझाव लिनुपर्छ र आवश्यक परिमार्जन गरी अन्तिम साफी तयार गर्नुपर्छ । यसका लागि तलको नमुना फारमको प्रयोग गर्न सकिन्छ :

**निबन्ध समीक्षा फारम**

**निबन्धकारको नाम :**

**निबन्धको शीर्षक :**

**समीक्षक : ì सहपाठी ì शिक्षक**

| क्र. सं. | शीर्षक | विवरण | प्राप्ताङ्क (३, ४, ५) |
|---|---|---|---|
| १ | निबन्धको शीर्षक | ì विशिष्टीकृत ì सङ्क्षिप्त ì समसामयिक ì सुरुचिपूर्ण | |
| २ | पहिलो अनुच्छेद | ì शीर्ष कथन ì पाठकलाई आकर्षण गर्ने ì उपशीर्षकहरूको पहिचान | |
| ३ | दोस्रो अनुच्छेद | ì शीर्ष कथन ì शीर्ष कथनको विशिष्टीकरण ì तथ्य, प्रमाण, उदाहरण र उद्धरणको प्रयोग | |
| ४ | तेस्रो अनुच्छेद | ì शीर्ष कथन ì शीर्ष कथनको विशिष्टीकरण ì तथ्य, प्रमाण, उदाहरण र उद्धरणको प्रयोग | |
| ५ | चौथो अनुच्छेद | ì शीर्ष कथन ì शीर्ष कथनको विशिष्टीकरण ì तथ्य, प्रमाण, उदाहरण र उद्धरणको प्रयोग | |
| ६ | पाँचौ अनुच्छेद | ì निष्कर्ष सूचक पद वा पदावली, ì मुख्य शीर्ष कथनको पुनकर्थन, ì पुनर्पुष्टि | |
| ७ | व्यवस्थापन | ì विचारको शृङ्खला ì अनुच्छेद योजना | |
| ८ | भाषिक स्तरीयता | ì आकर्षक ì स्तरअनुकूल | |
| ९ | भषा | ì वाक्यगठन ì वर्णविन्यास | |
| १० | | ì विषयको गहन ज्ञान ì स्पष्टता | |
| ११ | | जम्मा प्राप्ताङ्क | |

सल्लाह र सुझाव : ..............................................................................................................

..............................................................................................................................

हस्ताक्षर :

नाम :

## निष्कर्ष

स्नातक तह, नेपाली विषयमा निबन्ध-लेखन शिक्षण विशेषतः जुनसुकै विषयमा प्राप्त ज्ञानलाई व्यवस्थित र सङ्गठित गर्न सक्ने क्षमताको विकासका लागि गरिन्छ । त्यसैले यसको व्यवस्थित अध्ययन अध्यापनका लागि निश्चित विधि र प्रक्रिया अवलम्बन गर्नु आवश्यक हुन्छ । यसमा निबन्ध लेखनका सम्पूर्ण चरणका साथै यसका बाह्यान्तरिक संरचनाको शिक्षणलाई प्रयोगात्मक एवम् अभिनयात्मक विधिका माध्यमबाट शिक्षण गर्दा प्रभावकारी हुन्छ । यसले नेपाली विषयको लेखनमा

मात्र नभएर नेपाली भाषामा लेखिने जुनसुकै विषयको प्राज्ञिक लेखनमा सहयोग पुऱ्याउँछ साथै यस विषयमा सिकेको निबन्ध-लेखनको ढाँचा अन्य भाषाका लागि उपायोगी हुन्छ । त्यस्तै निबन्ध-लेखन शिक्षणले विद्यार्थीहरूले कुनै विषयको पाठ पढिसकेपछि लेख्ने निबन्धात्मक उत्तरमा पनि सहयोग पुऱ्याउँछ । साथै यसले व्यक्तिमा अन्तर्निहित क्षमताको विकास गरी ज्ञान, अनुभव र अनुभूतिको विशिष्ट अभिव्यक्तिमा पनि सहयोग पुऱ्याउँछ, तसर्थ सोहीबमोजिम पाठ्यक्रमको उद्देश्य निर्धारण गरी, आवश्यक पाठ्यपुस्तक र मूल्याङ्कनका आधारहरू पनि निर्माण गर्नु जरूरी छ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, हेमाङ्गराज (२०५९). *नेपाली भाषा शिक्षण* (पाँचौं संस्क.). काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

*अनिवार्य नेपाली विषयको पाठ्यक्रम.* स्नातक तह चार बर्से (२०७६). त्रि वि : पाठ्यक्रम विकास केन्द्र ।

अनिवार्य नेपाली शिक्षण निर्देशिका (२०६६). *अनिवार्य नेपाली विषय समिति*, त्रि. वि. ललितपुर : साझा प्रकाशन ।

गौतम, देवीप्रसाद र अन्य (२०७०). *स्नातक नेपाली* (दोस्रो संस्क.). काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

बराल, ईश्वर (२०१३). *सयपत्री (पाँचौ संस्क.).* ललितपुर : साझा प्रकाशन ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८). *नेपाली भाषा र साहित्य शिक्षण* (दोस्रो संस्क.). काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०६३). *समकालीन समालोचना : सिद्धान्त र प्रयोग.* (दोस्रो संस्क). काठमाडौं : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेशन ।

श्रेष्ठ, दयाराम (२०७८). *गद्यशैलीको रूपविज्ञान.* काठमाडौं : शिखा बुक्स ।

श्रेष्ठ, दयाराम र अन्य (२०७१). *सुबोध अनिवार्य नेपाली.* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

Abrams, M. H. (2005). A Glossary of Literary Terms. U. S. A. : Thomson Wadsworth

Oktavianti, D. Gusmuliana, P. & Apriani E. (2021). The Students' Strategies in Developing Their Ideas in Writing Essay. Journal of Development and Innovation, Vol. 1. Yayasan Karinosseff Muda Indonesia. Pp. 389-406

Hudson, W. H. (2002). *An Outline History of English Literature*. Delhi : Aibin Books.

Mackenzie, J. (2007). *Essay Writing Teaching the Basics from the Ground up.* Canada : Pembrok Publishers Limited.

Rahmawati, I. N., Syafryadin, S., & Widiastuti, R. (2019). Teaching narrative writing using freaky fables game: an experimentation. English Education: Jurnal Tadris Bahasa Inggris, 12(2), Pp. 147-155.

Warburton, Nigel (2006). *The Basics of Essay Writing.* London and New York : Routledge Tayler and Francis Group.